# आर्थिक गतिविधि अध्ययन
# (प्रदेश नं. १)

## प्रथम अर्ध-वार्षिक प्रतिवेदन
## (आ.व.२०७७/७८)




## नेपाल राष्ट्र बैंक
## विराटनगर कार्यालय

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ। साथै, यस बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण समेत गर्दछ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी वनाउन आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका साविकका जिल्लाहरुको संख्या ५८ बाट ७७ पुऱ्याउने नीतिगत व्यवस्था अनुसार यस कार्यालयको आर्थिक गतिविधि अध्ययनको कार्यक्षेत्र समेत साविकका ९ वटा जिल्लाहरुबाट प्रदेश नं. १ अन्तरगतका सवै १४ जिल्लाहरुमा (ताप्लेजुङ, इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, पाँचथर, संखुवासभा, उदयपुर, ओखलढुंगा, सोलुखुम्बु, तेह्रथुम, भोजपुर, र खोटाङ्ग) विस्तार भएको छ। यसै सन्दर्भमा आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न यस अघि कार्यान्वयनमा रहेको मार्गदर्शनमा समसामयिक संशोधन गरी बैंकले **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याएको छ। उक्त मार्गदर्शनको आधारमा कार्यालयको कार्यक्षेत्रभित्र पर्ने प्रदेश नं. १ अन्तरगतका उल्लिखित सवै १४ वटा जिल्लाहरुबाट स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लागत रुपमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आ.व. २०७७/७८ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क, विवरणहरु समुचितरुपमा उपलब्ध गराई सहयोग पुऱ्याउने जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठान र सरोकारवाला निकायलाई हार्दिक आभार व्यक्त गर्दछौं। प्रतिवेदनको तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनु हुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उपनिर्देशक श्री अमृतबहादुर बुढाथोकी, सहायक निर्देशकद्वय श्री अच्युतकुमार थापा र श्री निर्जल घिमिरे तथा प्रधान सहायकहरु श्री अशोक रेग्मी, श्री वेदनिधि घिमिरे, श्री सुजन रसाइली र श्री सुशिला कार्कीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै, आगामी दिनहरुमा पनि यस किसिमका आर्थिक गतिविधि तथा विशेष अध्ययनसँग सम्वन्धित प्रतिवेदन तयार पार्ने कार्यलाई निरन्तरता दिनका लागि सम्वन्धित सरोकारवाला निकायको साथ र सहयोग हुने अपेक्षा गर्दछु।

**सत्येन्द्र तिमिल्सिना**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, विराटनगर**

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **परिच्छेद १: कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति** | **१** |
| १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | १ |
| १.२ अन्तरप्रदेश तुलना | १ |
| १.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | २ |
| **परिच्छेद २: कृषि क्षेत्र** | **५** |
| २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ५ |
| २.२ कृषि उत्पादन | ६ |
| २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ७ |
| २.४ सिँचाइ तथा मौसम | ७ |
| २.५ क्षेत्रगत कृषि कर्जा | ८ |
| २.६ सहुलियतपूर्ण कर्जा | ९ |
| २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | ९ |
| **परिच्छेद ३: उद्योग क्षेत्र** | **१२** |
| ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन | १२ |
| ३.२ क्षेत्रगत औद्योगिक कर्जा | १३ |
| ३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४: सेवा क्षेत्र** | **१५** |
| ४.१ सार्वजनिक निर्माण तथा रियलस्टेट | १५ |
| ४.२ वित्तीय सेवा | १५ |
| ४.३ सेवा क्षेत्र कर्जा | १६ |
| ४.४ यातायात तथा संचार | १६ |
| ४.५ फण्ड ट्रान्सफर | १७ |
| ४.६ विदेशी विनिमय | १७ |
| ४.७ सेवा क्षेत्रको चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ५: पूर्वाधार र रोजगारी** | **२०** |
| ५.१ पूर्वाधार क्षेत्र | २० |
| ५.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | २१ |

**परिच्छेद ६: आर्थिक परिदृष्य** **२३**

६.१ कृषि क्षेत्रको उत्पादन परिदृष्य २३

६.२ औद्योगिक क्षेत्रको परिदृष्य २३

६.३ सेवा क्षेत्रको परिदृष्य २३

६.४ पूर्वाधार क्षेत्रको परिदृष्य २३

| **रेखाचित्र नं.** | **शिर्षक** |
|---|---|
| रेखाचित्र २.१ | प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र |
| रेखाचित्र २.२ | प्रमुख कृषि बालीहरुको उत्पादन |
| रेखाचित्र २.३ | सिँचाइ क्षेत्रमा भएको विस्तार |
| रेखाचित्र २.४ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था |
| रेखाचित्र ३.१ | उद्योगको क्षमता उपयोगको अवस्था |
| रेखाचित्र ३.२ | उद्योगको उत्पादन वृद्धिदर अवस्था |
| रेखाचित्र ३.३ | औद्योगिक कर्जा लगानी स्थिति |
| रेखाचित्र ४.१ | बैंक तथा वित्तीय संस्थाका शाखाहरुको अवस्थिति (जिल्लागत रुपमा) |
| रेखाचित्र ४.२ | निक्षेप तथा कर्जास्थिति |
| रेखाचित्र ४.३ | समीक्षा अवधिमा विराटनगर कार्यालयबाट गरिएको फण्ड ट्रान्सफरको अवस्था |
| रेखाचित्र ४.४ | समीक्षा अवधिमा विदेशी विनिमय कारोवारको अवस्था |

# कार्यकारी सारांश

(आर्थिक वर्ष २०७७/७८ को अर्ध-वार्षिक प्रतिवेदन)

यस कार्यालयको कार्यक्षेत्र प्रदेश नं. १ अन्तर्गत रहेका १४ जिल्लाहरुको स्थलगत भ्रमण तथा गैरस्थलगत रुपमा प्राप्त तथ्याङ्क तथा सूचनाको अध्ययन, प्रशोधन र विश्लेषणको आधारमा नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागद्वारा जारी **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६"** ले निर्देशित गरे बमोजिमको ढाँचामा तयार पारिएको प्रदेश नं. १ को आर्थिक गतिविधि सम्बन्धी आर्थिक वर्ष २०७७/७८ को अर्ध-वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

१. समीक्षा अवधिमा समग्र कृषि बालीले ढाकेको कुल क्षेत्रफल २.३ प्रतिशतले बढेको छ भने सोको उत्पादन १६.८ प्रतिशतले ह्रास आएको छ । प्रमुख खाद्य तथा अन्य बालीहरुको उत्पादनतर्फ धान बालीको उत्पादन १८.७ प्रतिशतले ह्रास आएको छ भने मकै बालीको उत्पादन ११.६ प्रतिशतले वृद्धि भएको छ ।

२. समीक्षा अवधिमा तरकारी उत्पादन ८.८ प्रतिशतले र फलफूल तथा मसला उत्पादन ७.७ प्रतिशतले ह्रास आएको छ ।

३. समीक्षा अवधिमा पशुपंक्षीजन्य उत्पादनहरु मध्ये दूध उत्पादन ०.२ प्रतिशत, मासु उत्पादन ०.४ प्रतिशत, र अण्डा उत्पादन ३.९ प्रतिशतले वृद्धि भएको छ भने माछा उत्पादन ९.१ प्रतिशले ह्रास आएको छ ।

४. समीक्षा अवधिमा कुल सिञ्चित क्षेत्रफल २.१ प्रतिशतले विस्तार भएको छ भने खेती गरिएको क्षेत्रफल ०.२ प्रतिशतले वृद्धि भएको छ ।

५. २०७७ पुस मसान्तसम्म कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जा ९.७ प्रतिशत रहेको छ ।

६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको सहुलियतपूर्ण कर्जा ७१.७ प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ८५ करोड पुगेको छ ।

## उद्योग

७. समीक्षा अवधिमा यस प्रदेशका अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५०.४ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा ती उद्योगहरुको उत्पादन क्षमता उपयोग ४५.७ प्रतिशत रहेको थियो ।

८. समीक्षा अवधिमा यस प्रदेशका अध्ययनले समेटेका उद्योगहरुमध्ये टायर तथा ट्यूव उत्पादन ४९३.२ प्रतिशत, तोरीको तेल उत्पादन ११६.३ प्रतिशत, चिनी उत्पादन ८३.४ प्रतिशत, भटमासको तेलको उत्पादन ५४.९ प्रतिशत वृद्धि भएको छ ।

९. समीक्षा अवधिमा चामल ४२.६ प्रतिशत, जुटका सामान ९.७ प्रतिशत, धागो ६.८ प्रतिशत, सिन्थेटिक कपडा ६८.० प्रतिशत र ग्रार्मेण्ट उत्पादन ५९.४ प्रतिशतले ह्रास आएको छ ।

१०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले यस अध्ययनले समेटेको क्षेत्र अन्तर्गत प्रवाह गरेको औद्योगिक कर्जाको अंश कुल कर्जा रकमको ३०.८ प्रतिशत रहेको छ ।

## सेवा

११. समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेसनबाट प्राप्त हुने राजश्व २८.३ प्रतिशतले र घर-जग्गा रजिष्ट्रेसन संख्यामा ३.९प्रतिशतले वृद्धि भएको छ भने घर/भवन स्थायी नक्सा पास ५.३ प्रतिशतले ह्रास आएको छ ।

१२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको निक्षेप १२.२ प्रतिशतले र यस प्रदेशभित्र प्रवाह गरेको कर्जा १०.७ प्रतिशतल वृद्धि भएको छ ।

१३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको सेवा क्षेत्र अन्तर्गतको कर्जा १६.९ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४८ अर्ब ३७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा पनि यस्तो कर्जा १६.९ प्रतिशतले बढेको थियो ।

१४. समीक्षा अवधिमा यातायातका साधनको संख्या ४.२ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार

१५. २०७७ पुस मसान्तसम्म यस प्रदेशमा राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग, हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्ग गरी २५१३.४ किलोमिटर सडक सञ्जालको निर्माण सम्पन्न भएको छ । गत वर्षको सोही अवधिमा २३९०.१ किलोमिटर सडक सञ्जालको निर्माण भएको थियो ।

१६. जलविद्युत क्षेत्रमा विभिन्न विद्युत गृहहरुबाट ६०३ गिगावाट आवर विद्युत उत्पादन भएको छ भने ४४,४४३.९ कि.मी. विद्युत प्रशारण लाईनको निर्माण कार्य सम्पन्न भएको छ ।

# परिच्छेद १: कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति

आर्थिक बर्ष २०७७/७८ को सात देखि नौ महिनासम्मका तथ्याङ्कमा आधारित भएर केन्द्रीय तथ्याङ्क विभागद्धारा जारी केन्द्रीय लेखा तथ्याङ्कसम्वन्धी प्रेस विज्ञप्तिका अनुसार कोभिड-१९ महामारीको प्रत्यक्ष प्रभावको वावजुद पछिल्लो समय आर्थिक क्रियाकलाप चलायमान भएसँगै अर्थतन्त्र सुधारोन्मुख दिशामा अगाडी बढी रहेको छ। विभागले यस कोभिड १९ महामारी र निषेधाज्ञा बढीमा दुईहप्तासम्म मात्र रहने अनुमानका आधारमा चालु आ.व.को आर्थिक वृद्धिदर आधार मूल्यमा ३.९८ प्रतिशत र उपभोक्ताको मूल्यमा ४.०१ प्रतिशत हुने पूर्वानुमान गरेको छ। गत वर्षको सोहि अवधिमा यस्तो आर्थिक वृद्धिदर २.१ प्रतिशतले ऋणात्मक रहेको थियो। त्यसैगरी, विभागले क्षेत्रगत रुपमा प्राथमिक, द्बितीय र सेवा क्षेत्रको वृद्धिदर स्थिर मूल्यमा क्रमशः २.७५ प्रतिशत, ४.९३ प्रतिशत र ४.४३ प्रतिशत रहने अनुमान गरेको छ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार चालु आर्थिक वर्ष २०७७/७८ मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २६.४ प्रतिशत, १२.५ प्रतिशत र ६१.१ प्रतिशत रहेको छ। मुख्य औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको वृद्धिदर २५.८३ प्रतिशत र गैर-कृषिक्षेत्रको वृद्धिदर ७४.१७ प्रतिशत रहेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.०८ प्रतिशत, निर्माण क्षेत्रको ५.६८, थोक तथा खुद्रा व्यापारको १५.६७ र वित्तीय मध्यस्थताको ६.८८ प्रतिशत योगदान रहेको छ।

कोभिड-१९ ले विश्वव्यापी आर्थिक र सामाजिक क्रियाकलापमा पारेको नकरात्मक प्रभाव स्वरुप आ.व. २०७७/७८ को पहिलो त्रैमासिक अवधिमा नेपालको आर्थिक वृद्धिदर ४.६ प्रतिशतले ऋणात्मक हुने अनुमान केन्द्रीय तथ्याङ्क विभागले गरेको थियो। गत बर्षको सोही अवधिमा यस्तो वृद्धिदर २.७ प्रतिशत रहेको थियो।

## १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क बिभागका अनुसार आर्थिक बर्ष २०७७/७८ मा प्रदेश नं. १ को कुल प्रादेशिक गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६ खर्ब ६४ अर्ब हुने अनुमान गरिएको छ, जुन राष्ट्रिय अर्थतन्त्रको १५.६ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेशको आर्थिक वृद्धिदर १.२ प्रतिशत ऋणात्मक रहेकोमा २०७७/७८ मा आर्थिक वृद्धिदर ३.६ प्रतिशत कायम रहने अनुमान छ। प्रदेश नं. १ को कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.२ प्रतिशत, १६.२ प्रतिशत र ४८.६ प्रतिशत रहेको अनुमान छ। गत वर्ष यी क्षेत्रहरुको योगदान क्रमशः ३६.० प्रतिशत, १६.४ प्रतिशत र ४८.१ प्रतिशत रहेको थियो।

## १.२ अन्तरप्रदेश तुलना

आर्थिक बर्ष २०७७/७८ को ७ देखि ९ महिनासम्मका आर्थिक क्षेत्रहरुसँग सम्बन्धित आँकडा तथा सूचनाहरुका आधारमा केन्द्रीय तथ्याङ्क बिभागले प्रकाशन गरेको अनुमानित तथ्याङ्कको आधारमा अन्तरप्रदेश समग्र आर्थिक अवस्था तुलना गर्दा कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको सबैभन्दा बढी ३७.७ प्रतिशत र कर्णाली प्रदेशको सबै भन्दा कम ४.० प्रतिशत योगदान रहने देखिन्छ भने प्रदेश नं. १ को योगदान १५.६ प्रतिशत रहने देखिन्छ ।

केन्द्रीय तथ्याङ्क विभागले मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २१.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२ प्रतिशत रहने अनुमान गरेको छ। त्यसैगरी, मुलुकको औद्योगिक

उत्पादनमा प्रदेश नं. १ को उद्योग क्षेत्रको योगदान १९.५ प्रतिशत रहेको छ भने उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको सबैभन्दा बढी ३०.५ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.३ प्रतिशत हिस्सा रहने अनुमान गरेको छ। यसैगरी, मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को सेवा क्षेत्रको योगदान १२.६ प्रतिशत रहने अनुमान छ। सेवा क्षेत्रमा पनि बागमती प्रदेशको सबैभन्दा बढी ४६.७ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम हिस्सा ३.७ प्रतिशत रहने अनुमान गरेको छ।

औद्योगिक वर्गीकरण अनुसार आर्थिक क्रियाकलापहरुको मापन गर्दा बागमती प्रदेश बाहेक सबै प्रदेशमा कृषि क्षेत्रको मुख्य हिस्सा रहेको छ भने शहरीकरण, बढ्दो जनसंख्या तथा ठूला र अधिक व्यापारिक कारोबार हुने भएकोले **बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको हिस्सा बढी देखिन्छ**। राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्र प्रदेश नं. १, प्रदेश २ र लुम्बिनी प्रदेशमा दोस्रो स्थानमा रहेको छ। बागमती प्रदेशमा भने व्यापार पछि घरजग्गा सम्बन्धी व्यवसायिक कारोबार दोस्रो स्थानमा रहेको पाइएको छ। कर्णाली र सुदुरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन र सुरक्षा क्षेत्रको योगदान बढी देखिएको छ।

**प्रादेशिक आर्थिक परिसूचकहरु***

| अन्तरप्रदेश तुलना आर्थिक बर्ष २०७७/७८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश** | **प्रदेश १** | **प्रदेश २** | **वाग्मती** | **गण्डकी** | **लुम्बिनी** | **कर्णाली** | **सूदुर पश्चिम** |
| कुल गार्हस्थ्य उत्पादन (रु.खर्ब) | ६.६४ | ५.६२ | १६.१ | ३.७२ | ५.९६ | १.७२ | २.९४ |
| प्रदेशको हिस्सा (प्रतिशत) | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४ | ४ | ६.९ |
| कूल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशत) | ३.६ | ३.५ | ४.७ | ३.६ | ३.९ | ३.६ | ३.४ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ |
| उधोग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.५ | ११.८ | ३०.५ | ११.६ | १५.९ | ३.३ | ७.४ |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.६ | ११ | ४६.७ | ७.८ | १२.३ | ३.७ | ५.८ |
| **प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | |
| कृषि क्षेत्र | ३५.२ | ३८.३ | ११.८ | २८.२ | ३१.९ | ३३ | ३५.५ |
| उद्योग क्षेत्र | १६.२ | ११.५ | १०.८ | १७.५ | १४.८ | १०.७ | १३.७ |
| सेवा क्षेत्र | ४८.६ | ५०.२ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८, आर्थिक सर्वेक्षण २०७७/७८
* प्रारम्भिक अनुमान

## १.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

हिमाल, पहाड र तराईसम्म फैलिएको प्रदेश नं. १ मा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन्। यस प्रदेशको पूर्वतर्फ भारतको सिक्किम, पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन्। यसैगरी, उत्तरतर्फ चीनको

स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ प्रदेश नं. २ र प्रदेश नं. ३ पर्दछन् । यस प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. तथा कूल जनसङ्ख्या ४५,३४,९४३ रहेको छ ।

### १.३.१ प्रादेशिक क्षमता तथा सम्भावना

**पर्यटन क्षेत्रको सम्भावना :** यस प्रदेशको भौगोलिक तथा जलवायु विविधता, जैविक विविधता, सामाजिक, धार्मिक तथा साँस्कृतिक विविधता, मनोरञ्जनको सम्भाब्यता, दुई छिमेकी राष्ट्र भारत र चीनसँगको सामिप्यतालाई उपयोग गर्नेगरी पूर्वाधारमा लगानी बढाउन सकेमा पर्यटन क्षेत्रको विकासमार्फत् समृद्धि हासिल गर्न सहज हुने देखिन्छ ।

**सिँचाइ तथा जलविद्युतको सम्भावना :** उच्च हिमालय र महाभारत श्रृङ्खला उदगमस्थल भएका वर्षैभरी निरन्तर जलप्रवाह हुने अरुण, तमोर, दूधकोशी, मेची, कन्काई र त्रियुगालगायतका नदीहरू यस प्रदेशमा रहेकोले सिँचाइ, जलविद्युत, जल यातायात आदिको प्रचुर सम्भावना रहेको छ । स्वदेशी तथा विदेशी लगानी परिचालन गरी उक्त नदीहरुवाट विद्युत तथा सिँचाइको समुचित विकास गर्न सकिएमो हालको मौसमी निर्भरता कम भई कृषि योग्य भूमिको उत्पादकत्व तथा कृषि उत्पादनमा वृद्धि हुनुका साथै औधोगिकरणमा टेवा पुगी मुलुकको समग्र गार्हस्थ्य उत्पादनमा सकारात्मक योगदान पुग्ने देखिन्छ ।

**व्यवसायिक कृषि क्षेत्रको सम्भाव्यता :** चालु आर्थिक वर्षमा मुलुकको कृषि उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २१.५ प्रतिशत रहेको तथ्यले पनि यो प्रदेशमा कृषि उत्पादन तथा पशुपालनका लागि उर्वर भूमि तथा कृषि अनुकूल हावापानी रहेको छ भन्ने देखाउछ । अतः कृषिको विकासको माध्यमबाट आन्तरिक माग पुरा गर्नुका साथै निकासीको राम्रो सम्भावना रहेकोले आत्मा निर्भर अर्थतन्त्रको निर्माणमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

**औधोगिक विकास तथा व्यापारको सम्भाव्यताः** भारत र चीन दुवै देशसँग सीमाना जोडिएको तथा कोशी तथा मेची राजमार्गले समेत दुबै छिमेकी मुलुकलाई नेपालसँग जोडेकोले आर्थिक क्रियाकलापका दृष्टिले प्रदेश नं. १ समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने पर्याप्त सम्भावाना रहेको छ । अतः प्रदेश नं. १ मा उत्पादनशील उद्योग तथा कलकारखानाहरु स्थापना गरी उत्पादित वस्तु तथा सेवा निकासी गर्न समेत तुलनात्मक रुपले निकै सहज हुने देखिन्छ । त्यसैगरी, मध्यपहाडी लोकमार्गको निर्माण कार्य अन्तिम चरणमा पुगेकोले ग्रामीण क्षेत्रका उत्पादनको लागि बजार सुनिश्चित हुँदै गएको छ जसबाट कृषिको व्यवसायीकरण भई लागत प्रतिस्पर्धी हुने र कृषि निर्यात व्यापार विस्तार हुने अधिक सम्भावना रहेको छ । प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान गण्डकी प्रदेशपछि दोस्रो धेरै रहेको छ । सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औधोगिक उत्पादनले निर्यात व्यापारमा उल्लेखनीय योगदान पुऱ्याउने सम्भावना रहेको छ ।

### १.३.२ प्रादेशिक चुनौतीहरु :

प्रदेशले समृद्धि हासिल गर्ने उल्लिखित क्षमता तथा सम्भावनाका बावजुद सोको यथार्थपरक रुपान्तरणमा चुनौतीहरु रहेका छन । केही प्रमुख चुनौतीहरु यसप्रकार रहेका छन ।

- संघ, प्रदेश र स्थानीय सरकारका लक्ष्य र प्राथमिकताका बीचमा तादात्म्यता मिलाई स्रोत र साधनको वितरणमा प्रभावकारी समन्वय गर्न संयन्त्रको विकास गर्ने कार्य ।

- स्वदेशी उधोगलाई आयातित वस्तुले प्रतिस्थापन गर्न सक्ने हालको अवस्थाबाट जोगाइ प्रदेशभित्र उच्च तुलानात्मक लाभ भएका वस्तु तथा सेवाको उत्पादन र व्यवसायको प्रवर्द्धन गरी दुई ठुला छिमेकी देशको वजारबाट लाभ लिन सक्ने वातावरण वनाउने कार्य ।

- तुलानात्मक लाभका क्षेत्रहरु जस्तैः पर्यटन, जलविद्युत, आदि क्षेत्रलाई प्रतिस्पर्धी रुपमा अगाडि बढाउने कार्य ।

- विकट भौगालिक अवस्थाको वावजुद वित्तीय पहुँचको विस्तार गर्ने तथा वित्तीय सचेतनाको माध्यमबाट वित्तीय समावेशिता बढाई उपलब्ध वित्तीय उपज तथा उपकरणको उपयोग तथा प्रयोग बढाउने कार्य ।

- आन्तरिक लगानी क्षमता सीमित रहेको सन्दर्भमा प्रदेशको समृद्धि र विकासको लागि स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्ने कार्य ।

# परिच्छेद २: कृषि क्षेत्र


## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.५ प्रतिशतले बढेको थियो।

**२.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल २.७ प्रतिशतले वृद्धि भएको छ भने गत वर्षको सोहीअवधिमा यस्तो क्षेत्रफल ०.२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मकै बालीले ढाकेको क्षेत्रफल १९.६ प्रतिशतले बढेको छ भने गहुँ बालीले ढाकेको क्षेत्रफल र धान बालीले ढाकेको क्षेत्रफल क्रमशः १३.५ प्रतिशत र ०.९ प्रतिशतले खुम्चिएकोछ गत वर्षको सोही अवधिमा मकै बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशत र धान बालीले ढाकेको क्षेत्रफल १.० प्रतिशतले बढेको थियो भने गहुँ बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी १६.९ प्रतिशत झापा जिल्लामा र सबैभन्दा कम २.७ प्रतिशत सोलुखुम्बु जिल्लामा रहेको छ।

**रेखाचित्र २.१ : प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र**




स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु

**२.१.२ तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल १.८ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ७.९ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा यस प्रदेशमा तरकारीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी २२.१ प्रतिशत झापा जिल्लामा र सबैभन्दा कम ०.६ प्रतिशत सोलुखुम्बु जिल्लामा रहेको छ।

**२.१.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा यस प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी २५.० प्रतिशत झापा जिल्लामा र सबैभन्दा कम ०.८ प्रतिशत ओखलढुङ्गा जिल्लामा रहेको छ।


## २.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषिसँग सम्बन्धित बालीको उत्पादन १५.६ प्रतिशतले ह्रास आएको छ । खाद्य तथा अन्य बालीतर्फ कुल उत्पादन १७.७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा समग्र कृषिसँग सम्बन्धित बालीको उत्पादन ७.५ प्रतिशतले ह्रास आएको थियो भने खाद्य तथा अन्य बालीतर्फको उत्पादन ८.२ प्रतिशतले घटेको थियो ।

**२.२.१ खाद्य तथा अन्य बाली :**समीक्षा अवधिमा मकै उत्पादन ११.६ प्रतिशतले र कोदो उत्पादन ३१.३ प्रतिशतले वृद्धि भएको छ भने धानको उत्पादन १८.७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा मकै उत्पादन १८.३ प्रतिशतले, कोदो उत्पादन ६.९ प्रतिशत र धानको उत्पादन ७.७ प्रतिशतले ह्रास आएको थियो ।

यस प्रदेशमा समीक्षा अवधिमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३६.४ प्रतिशत रहेको छ भने मकै र कोदो उत्पादनको अंश क्रमशः ३४.३ प्रतिशत र ७.१ प्रतिशत रहेको छ ।

**रेखाचित्र २.२ : प्रमुख कृषि बालीको उत्पादन**




स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशानलय

**२.२.२ तरकारी :** समीक्षा अवधिमा तरकारी उत्पादन ८.८ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ४.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तरकारी तथा बागबानीसँग सम्बन्धित उत्पादनमध्ये सबैभन्दा बढी झापा जिल्लामा ३०.५ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ०.७ प्रतिशत उत्पादन भएको छ ।

**२.२.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसलाको समग्र उत्पादन ७.७ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा फलफूल तथा मसला उत्पादन १४.५ प्रतिशतले घटेको थियो । चिया र केराको उत्पादन क्रमश ८.५ प्रतिशत र ०.६ प्रतिशतले वृद्धि भएको छ भने आँप र सुन्तलाको उत्पादन क्रमश १४.७ प्रतिशत र ११ प्रतिशतले ह्रास आएको छ ।

गत वर्षको सोही अवधिमा चिया उत्पादन ७.६ प्रतिशतले वृद्धि भएको थियो भने कफी उत्पादन २७.५ प्रतिशत, केरा उत्पादन १२.५ प्रतिशत, आँप उत्पादन १७.५ प्रतिशतर सुन्तलाको उत्पादन २.९ प्रतिशतले ह्रास आएको

थियो । समीक्षा अवधिमा फलफूल तथा मसलातर्फको उत्पादनमा सबैभन्दा बढी झापा जिल्लाको अंश ३०.१ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून तेह्रथुम जिल्लाको अंश ०.५ प्रतिशत रहेको छ ।

**२.२.४ मह :** समीक्षा अवधिमा महको उत्पादन ३०.६ प्रतिशतले वृद्धि भएको छ । गत बर्षको सोही अवधिमा यसको उत्पादन ३.७ प्रतिशतले वृद्धि भएको थियो ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**२.३.१ पशुपंक्षी उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन ०.२ प्रतिशत, मासु उत्पादन ०.४ प्रतिशत, अण्डा उत्पादन ३.९ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा मासु उत्पादन ४.२ प्रतिशतले वृद्धि भएको थियो भने दूध उत्पादन ४.४ प्रतिशत, अण्डा उत्पादन १.८ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा कुल दूध उत्पादनमध्ये मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढि २९.४ प्रतिशत रहेको छ भने ओखलढुंगा जिल्लाको हिस्सा सबैभन्दा कम ०.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा कुल मासुतर्फको उत्पादनमध्ये मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी २०.२ प्रतिशत रहेको छ भने तेह्रथुम जिल्लाको हिस्सा सबैभन्दा कम १.९४ प्रतिशत रहेको छ ।


**२.३.२ माछा उत्पादन :**समीक्षा अवधिमा माछा उत्पादन ९.१ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन ६३.६ प्रतिशतले वृद्धि भएको थियो ।

**२.३.३ वनजन्य उत्पादन :**समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन १५.६ प्रतिशत वृद्धि हुँदा दाउरा उत्पादन ८.३ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन २५.२ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा काठको उत्पादन १५.६ प्रतिशतले, दाउराको उत्पादन २५.७ प्रतिशतले र औषधिजन्य उत्पादन क्रमशः ३०.१ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा कोभिड-१९ को कारणले भएको बन्दाबन्दी र नेपाल सरकारबाट भएको वनजन्य उत्पादन रुखको कटानी तथा निकासीमा लागेको प्रतिबन्धका कारण वनजन्य उत्पादन कमी आएको हो ।

## २.४ सिँचाइ तथा मौसम

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल २.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल २.२ प्रतिशतले वृद्धि भएको थियो । कुलोबाट सिञ्चित क्षेत्रफलमा ४.० प्रतिशतले, नहरबाट सिञ्चित क्षेत्रफलमा १.१ प्रतिशतले, पोखरीद्वारा सिञ्चित क्षेत्रफलमा १.६ प्रतिशतले र बोरिङ्गबाट सिञ्चित क्षेत्रफलमा ०.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफलमा ३.६ प्रतिशतले, नहरबाट सिञ्चित क्षेत्रफलमा १.४ प्रतिशतले, पोखरीद्वारा सिञ्चित क्षेत्रफलमा १.९ प्रतिशतले र बोरिङ्गबाट सिञ्चित क्षेत्रफलमा १.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा यस प्रदेशमा कुल खेती गरिएको क्षेत्रफलको ३७.३७ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाइ सुविधा पुगेको छ ।

**रेखाचित्र २.३: सिँचाइ क्षेत्रमा भएको विस्तार**





स्रोतः अध्ययन क्षेत्रका जलस्रोत तथा सिचाई डिभिजन कार्यालय ।

## २.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा २०.८ प्रतिशतले वृद्धि भई रु.४० अर्ब २८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस शीर्षकमा ३२ अर्ब १८ करोड कर्जा प्रवाह भएको थियो । समीक्षा अवधिको पुस मसान्तमा कुल कर्जा प्रवाहमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ९.६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रवाहित भएको विभिन्न शिर्षकका कृषि कर्जाहरुमध्ये कृषि तथा कृषिजन्य सेवामा सबैभन्दा बढी २९.७ प्रतिशत र सबैभन्दा न्यून सूर्ती शिर्षकमा ०.०१ प्रतिशत कर्जा प्रवाह भएको छ । यसैगरी समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट विभिन्न जिल्लाहरुमा कृषि क्षेत्रसँग सम्वन्धित शिर्षकहरुमा प्रवाह भएको कर्जामध्ये सबैभन्दा बढी मोरङ जिल्लामा ३२.० प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ०.४ प्रतिशत रहेको छ ।

**रेखाचित्र २.४: जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था**




स्रोत : अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु ।

## २.६ सहुलियतपूर्ण कर्जा

पछिल्लो ६ महिनाको अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा ७१.६८ प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ८५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस शीर्षकमा ७ अर्ब ४१ करोड कर्जा प्रवाह भएको थियो ।

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरु**

- रासायनिक मलको अवैज्ञानिक प्रयोगका कारण हुने माटोको उर्वराशक्ति क्षयीकरणले कृषि क्षेत्रको समग्र उत्पादकत्वमा पार्ने नकारात्मक असर न्यूनीकरण गरी माटोको उर्वरा शक्ती बढाउने कार्य चुनौतिपूर्ण रहेको छ ।
- खुला सिमानाको कारण कृषिजन्य उपजहरुको अत्याधिक चोरी पैठारी हुने हुँदा उत्पादित कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्ने र सोको कार्यान्वयन गर्ने ।
- उत्पादनदेखि अन्तिम उपभोक्ताको विन्दुसम्म हालकायम रहेको विचौलियाको तहगत सञ्जाल तोडी कृषकहरुलाई उत्पादित कृषि उपजको उचित मूल्य दिलाउनु ।
- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न सिँचाइ पूर्वाधारमा लगानी वृद्धि गर्न तथा सिँचाइका निर्माणाधीन परियोजना समयमै सम्पन्न गरी हालको मौसमी निर्भरता न्यूनीकरण गर्दै लैजानु ।
- सहुलियतपूर्ण कृषि तथा पशुपन्छी कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्न सचेतनाको अभिवृद्धि तथा आवश्यक संयन्त्र विकास गर्नु ।
- कृषिको व्यवसायीकरण तथा बाँझो रहेको खेतीयोग्य जमीनको कृषि प्रयोजनमा उपयोग गर्ने नीतिगत व्यवस्थाको व्यहावाहारिक कार्यान्वय गर्नु ।
- तिव्र तथा अव्यवस्थित शहरीकरणको कारण भइरहेको कृषियोग्य जमिनको खण्डीकरण रोक्ने कार्य ।
- उद्यम गर्न चाहने युवाहरुलाई सहुलियतपूर्ण कर्जाको पहुँच सुनिश्चित गरी कृषिलाई पेशाको रुपमा अगाँल्न आकर्षित गर्न र टिकाइ राख्न ।
- शीत भण्डार पूर्वाधारको निर्माण तथा व्यवस्थापन गर्न र उपलब्ध शीतभण्डारको पूर्णक्षमतामा उपयोग हुनेगरी मौसमी तरकारी र फलफूलहरुको उत्पादन वृद्धि गर्न ।
- परम्परागत प्रविधिमा आधारित हालको खेतीप्रणालीमा सुधार गरी उत्पादन तथा उत्पादकत्व बढाउने आधुनिक कृषि औजार, उपकरण, मल, उन्नत विउ आदिको सहज र सुलभ उपलब्धता सुनिश्चित गर्नु ।
- कोरोना महामारीका कारण विदेश तथा स्वदेशमा रोजगारी गुमाई आफ्नो गाउँघर फर्किएका श्रमशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्नु ।

**सम्भावनाहरु**

- कृषिवालीको साथमा व्यवसायिक पशुपंक्षीपालन समेत प्रवर्धन गर्न कृषकलाई प्रोत्साहन गर्न सकिने ।
- माटोको उर्वराशक्ति जोगाई राख्न प्राङगारिक मलको उत्पादनलाई बढ्वा दिने कार्यक्रमहरु कृषकहरुको पहुँच पुग्ने गरी बृहत रुपमा सञ्चालन गर्ने ।
- रासायानिक मलखादको वैज्ञानिक रुपमा कृषकहरुले प्रयोग गर्न सक्ने व्यवस्था मिलाउन कृषि बाली अनुसारको Chemical Fertilizer Mixing Factory स्थापना गरी समुचित वितरण गर्न सकेमा माटोको उर्वराशक्ति बचाउन सकिने ।
- पहाडमा बाँझो रहेका जमीनहरुमा हर्रो, बर्रो, अमला, बेल तथा रिठ्ठा जस्ता वनजन्य उत्पादनको व्यावसायिक खेती गरी आर्युवेदिक औषधीका कच्चा पदार्थ उत्पादन गरी औषधीजन्य कच्चा पदार्थको आयात कम गर्न सकिने ।
- विश्व बजारमा अर्गानिक हरियो चिया (Green Tea) को माग अत्यधिक रहेको सन्दर्भमा हरियो चियाको नेपाली ब्राण्ड स्थापना गरी तेस्रो मुलुकमा निर्यात गर्न सकेमा चिया खेतीमा विस्तार भई व्यापार सन्तुलनमा टेवा पुग्ने ।
- कोदो, फापर तथा मकैको पिठो, जौ तथा मकैको सातु, वेसार, अलैची, गेडागुडीको दाल, घिउ, सिस्नोको धुलो, कफी, तरकारी, फलफूल, खसीबोका र लोकल कुखुरा जस्ता अर्गानिक कृषिजन्य उपजको विराटनगर, धरान, बिर्तामोड जस्ता यस प्रदेशका घना जनसंख्या भएका शहरी क्षेत्रमा अत्यधिक माग रहेकोले यस प्रदेशको मध्य पहाडी क्षेत्रलाई उक्त उपजहरुको उत्पादन हवको रुपमा विकास गर्न सकिने ।
- पहाडी जिल्लाहरुमा उत्पादन हुने किवी, नासपाती, आरुबखडा, आल्चा जस्ता फलफूलहरुबाट उत्पादन हुने वाइन, जाम, जुस र जेली उद्योग स्थापना गर्न सकिने ।
- प्रदेश अन्तरगत रहेका १४ जिल्लाको सम्भावना पहिचान गर्न जिल्लागतरुपमा तुलानात्मक अध्ययन गरी सोहि अनुसार तरकारी, फलफुल वा अन्य कृषि उपजको पकेट क्षेत्र तोकी उत्पादन वृद्धि गर्न सकिने । जस्तैः सोलुखुम्बु र ईलाममा किवी, धनकुटामा वेल र एभोकाडो, भोजपुरमा सुन्तला र कागती, संखुवासभामा रुद्राक्ष, सुनसरीमा ड्रागनफ्रुट, झापामा सुपाडी र प्राकृतिक रबर आदि जस्ता उच्च मूल्य भएका निर्यातयोग्य कृषि उपजको उत्पादन बढाउन सकिने ।
- यस प्रदेशमा नगदे बालीहरु जस्तैः अदुवा, अलैची आदिको उल्लेख्य उत्पादन हुने भएतापनि प्रशोधन तथा ब्राण्डिङ्गको अभावमा कृषकहरुले उचित मूल्य प्राप्त गर्न नसकिरहेकोले प्रशोधन र ब्राण्डिङ्गको समस्या समाधन गर्न सकेमा यस प्रकारका नगदेवालीको उत्पादन बढाउन सकिने ।
- यस प्रदेशको उच्च भू-भाग तथा हिमाली भेगमा प्रशस्तमा मात्रामा खर्क, चौर तथा चरन क्षेत्र भएकाले पशुपालन (चौरीपालन, भेडापालन, ब्राखापालन) तथा जडिबुटी (चिराइतो, पाँचऔले, जटामसी, पाषणभेद जस्ता) खेतीको प्रवर्द्धन गर्न सकिने ।

- यस प्रदेशमा उर्वर भूमी, उपयुक्त हावापानी, भौगोलिक तथा जैविक विविधता रहेको हुँदा कृषिमा आधारित पर्यटन (Agro-Tourism) मा ठूला उद्यमी र व्यवसायीहरुको लगानी आकर्षित गर्न सके उत्पादन र रोजगारी बढाउन सकिने ।

- यस प्रदेशमा रहेको काँकडभिट्टा र रानी नाकाबाट छिमेकी मुलुकहरु भारत, बंगलादेश तथा भूटानसम्मको दुरी नजिक रहेकोले उक्त देशबाट/मा हुने पैठारी तथा निकासीको ढुवानी लागतमा हुने कमीले लागत प्रतिष्पर्धी भई अन्तर्राष्ट्रिय व्यापार सहज हुने ।

- पूर्व-पश्चिम लोकमार्ग र हुलाकी मार्गको स्तरोन्नतिका साथै मध्य पहाडी लोकमार्ग तथा तराई–पहाड जोड्ने मार्गको द्रुतगतिमा भइरहेको निर्माणले सडक सञ्जालको तीव्र विस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारीको छिमेकी मुलुकमा निर्यात गर्न सकिने सम्भावनावना रहेको छ । यसबाट दैनिक आवश्यकीय वस्तुहरुको आपूर्ति व्यवस्था सहज हुने तथा आपूर्ति अवरोध नहुँदा उचित बजार मूल्य कायम भई एकातिर किसानले उचित मूल्य प्राप्त गर्ने र अर्कोतिर निकट सीमावर्ती भारतीय बजारहरुबाट हुने तरकारीको आयात नियन्त्रणमा सहयोग पुग्ने ।

- हाल अधिकाँश कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु आयातीत कच्चा पदार्थमा निर्भर रहेको सन्दर्भमा कच्चा पदार्थको आन्तरिक उत्पादन बढाउन कृषक तथा लघु उद्योगहरुलाई नीतिगत प्रोत्साहन सहितका उद्योग कृषक करार खेती सञ्चालन गर्न (Industry Peasant Contractual Farming Policy) आवश्यक नीतिगत व्यवस्था गर्न सके कच्चा पदार्थको आयात तथा परनिर्भरतामा कमी हुनुका साथै लागतलाभ तथा व्यवसायिकरणमा सहयोग पुग्ने ।


- जनशक्तिको अभावमा निष्कृय रहेको कृषि योग्य जमिनको उत्पादनशिल कार्यमा प्रयोग गर्न वैदेशिक रोजगारबाट फर्कने युवालाई आकर्षण गर्न सके कृषिको व्यवसायीकरण हुने ।

# परिच्छेद ३: उद्योग क्षेत्र

## ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन

समीक्षा अवधिमा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५०.४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्ता उद्योगको औसत क्षमता उपयोग ४५.७ प्रतिशत रहेको थियो । भटमासको तेल उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९३.५ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने प्रशोधित छाला उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् १३.३ प्रतिशत रहेको छ।

**रेखाचित्र ३.१: उद्योगको क्षमता उपयोगको अवस्था**





स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु

समीक्षा अवधिमा यस प्रदेशका अध्ययनले समेटेका उद्योगहरुमध्ये सबैभन्दा बढी टायर तथा ट्यूव उत्पादन ४९३.२ प्रतिशतले वृद्धि भएको छ भने सिन्थेटिक कपडा उत्पादन ६८ प्रतिशतले ह्रास आएको छ। उच्च मूल्य (High Value) उत्पादन गर्ने उद्योगहरु जस्तै ग्रार्मेण्ट उत्पादन ५९.४ प्रतिशतले, चामल उत्पादन ४२.६ प्रतिशतले, फलामको छड तथा पत्ति उत्पादन २१.३ प्रतिशतले, जुटका सामान उत्पादन ९.७ प्रतिशतले र धागाको उत्पादन ६.८ प्रतिशतले ह्रास आएको छ।

विगत तीन वर्षदेखि टायर तथा ट्यूव उत्पादन गर्ने उद्योगले परीक्षण उत्पादन गर्दै आएकाले उत्पादनमा कमी आएको तर समीक्षा अवधिमा उद्योग पूर्ण क्षमतामा सञ्चालन भएका कारण उत्पादन वृद्धिदर अत्यधिक देखिएको छ। बजारमा मागको वृद्धि भएका कारण घरेलु धातुका सामान तथा तोरीको तेलको उत्पादन वृद्धिदर बढी देखिएको छ। त्यस्तै, उत्पादन क्षमतामा विस्तार भएका कारण पशुदानाको उत्पादन वृद्धिदर पनि बढी देखिएको छ। अन्य गैर-खाद्यवस्तुहरु उत्पादन गर्ने उद्योगहरुको उत्पादनमा कोभिड-१९ महामारीले प्रभाव पारेका कारण उत्पादन ह्रास आएको छ भने विगतको तुलनामा मागमा आएको कमीका कारण चामलको उत्पादनमा कमी आएको छ।

**रेखाचित्र ३.२ : उद्योगको उत्पादन वृद्धिदर अवस्था**





स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १.५ प्रतिशतले ह्रास भई रु. १ खर्ब २८ अर्ब ४६ करोड भएको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १३.२ प्रतिशतले बढेको थियो। कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु सम्बन्धी उद्योगर्फ सबै भन्दा बढी ३८.६ र विद्युत, ग्यास तथा पानीतर्फ सबैभन्दा कम ०.६ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३०.८ प्रतिशत रहेको छ।

पछिल्लो ६ महिनामा औद्योगिक कर्जाहरुमध्ये खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ५.३ प्रतिशतले वृद्धि भएको छ भने सवैभन्दा कम विद्युत, ग्याँस तथा पानी उद्योगमा प्रवाह भएको कर्जामा १९.३ प्रतिशतले ह्रास आएको छ।

**रेखाचित्र ३.३ :औद्योगिक कर्जा लगानी स्थिति**




स्रोत : अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु

## ३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरु**

- कोभिड १९ संक्रमणको प्रभावले औधोगिक उत्पादनको माग तथा कच्चा पदार्थको आपूर्तिमा सिर्जना भएको अवरोधलाई न्यूनिकरण गरी उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु ।

- कोभिड १९ संक्रमणको दोश्रो लहरले माग तथा आपूर्तिमा सिर्जना गर्ने अवरोधलाई न्यूनिकरण गरी माग तथा आपूर्तिमा सन्तुलन कायम गर्नु ।

- कच्चा पदार्थको आयातमा विद्यमान समस्या कम गर्न कृषिजन्य उद्योगको कच्चा पदार्थको आन्तरिक उत्पादन वृद्धि गर्नु तथा औद्योगिक उत्पादनको लागि आवश्यक कच्चा पदार्थ लगायत अन्य वस्तु तथा सेवाको नियमित आपूर्ति/उत्पादन सुनिश्चित गरी उद्योगहरुलाई पूर्ण क्षमतामा सञ्चालन गरी समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु ।

- कतिपय उद्योगहरुलाई आवश्यक हुने दक्ष/अदक्ष कामदारको लागि भारतीय श्रमिक माथिको अधिक निर्भरतालाई कम गरि उद्योगमा आवश्यक हुने दक्ष जनशक्तिको आन्तरिक आपूर्ति सुनिश्चित गर्न उद्योग क्षेत्रमा कार्यरत श्रमिकको समूचित क्षमता अभिवृद्धि गर्नु तथा अदक्ष श्रमिकलाई उद्योग तर्फ आकर्षित गर्नु ।

- औधोगिक उत्पादनको लागत कम गरी गुणस्तरमा अभिवृद्धि गर्दै आयातित उत्पादनसँग प्रतिस्पर्धी बनाउनु ।

- जमिनको निरन्तरको मूल्य वृद्धिले उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण/प्राप्ति गर्ने कार्य ।

- विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गर्नु ।

- उद्योग क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्न आवश्यक पर्ने न्यूनतम पूर्वाधारको विकास गर्ने ।

**सम्भावनाहरु**

- प्रदेश अन्तरगतका तराई तथा पहाडी जिल्लामा बढदो शहरीकरण/जनघनत्वका कारण औद्योगिक उत्पादनको बजार उच्च रहेको ।

- कच्चा पदार्थ आयात तथा तयारी वस्तु निर्यात गर्नका लागि भारतीय सीमा नाकासम्म सहज पहुँच भएको यस प्रदेशमा उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने ।

- सहुलियतपूर्ण उर्जा आपूर्तिमार्फत उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने ।

- कोरोना महामारीबाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थानका लागि सरकारले जारी गरेका व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि २०७७, नवप्रवर्तन शुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७ आदिको प्रभावकारी कार्यान्वयन गरी उद्योग, कृषि, उर्जा, स्वास्थ्य, पर्यटन, शिक्षा तथा सूचना प्रविधिको क्षेत्रलाई प्रदेशको अर्थतन्त्रमा मूख्य योगदान दिन सक्ने क्षेत्रको रुपमा विकास गर्न सकिने ।

# परिच्छेद ४: सेवा क्षेत्र

## ४.१ सार्वजनिक निर्माण तथा रियलस्टेट


समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ३.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा २१.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व २८.३ प्रतिशतले बढेर रु. १ अर्ब ६३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्वमा ८.४ प्रतिशतले ह्रास अएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ५.३ प्रतिशतले ह्रास आएको छ ।

कोभिड १९ का कारण उत्पन्न समस्या तथा लकडाउनको कारणले घर जग्गा रजिष्ट्रेसन संख्या तथा  घर/भवन स्थायी नक्सा पास संख्यामा केही कमी आएको हो ।

## ४.२ वित्तीय सेवा

यस प्रदेशमा आर्थिक वर्ष २०७७ पौष मसान्तसम्ममा वाणिज्य बैंकका ६४१, विकास बैंकका १६७, वित्त कम्पनीका ४३ तथा लघुवित्त वित्तीय संस्थाका ७३६ गरी जम्मा १ हजार ५ सय ८७ शाखा सञ्चालनमा छन् । यसमध्ये मोरङमा सबै भन्दा बढी ३८१ तथा ताप्लेजुङमा सबै भन्दाकम ३३ शाखा सञ्चालनमा छन् ।

**रेखाचित्र  ४.१ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको अवस्थिति (जिल्लागत रुपमा)**





स्रोत : नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग

समीक्षा अवधिमा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप गत अवधिको असार मसान्तको तुलनामा१२.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १२ अर्ब ८२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.८ प्रतिशतले वृद्धि भएको थियो । सर्वसाधारणमा बचत गर्ने बानीमा आएको सुधार तथा रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि,बैकिङ्ग सेवामा हुदै गएको बिस्तार,कोभिड १९ संक्रमणका कारण लगानीका क्षेत्रहरु खुम्चिएकोले बैंकहरुको निक्षेप परिचालनमा वृद्धि भएको देखिन्छ ।

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा असार मसान्तको तुलनामा १०.७ प्रतिशतले वृद्धि भई रु.४ खर्ब १७ अर्ब १३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १२.० प्रतिशतले वृद्धि भएको

थियो । समीक्षा अवधिको अन्त्यमा कर्जा निक्षेप अनुपात १३३.३ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष यस्तो अनुपात १५५.८ प्रतिशत रहेको थियो । उर्जाको उपलब्धता सहज हुन थालेको, तोकिएका प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहुलियतपूर्ण कर्जाको व्यवस्था, सडक सञ्जालमा भएको विस्तार आदि कारणले लगानीका लागि वातावरण अनुकूल बन्दै गएकोले कर्जा लगानीको माग बढने देखिन्छ ।

**रेखाचित्र ४.२ :निक्षेप तथा कर्जास्थिति**




स्रोत : अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु

समीक्षा अवधिमा विपन्न वर्ग कर्जा २९.४ प्रतिशतले वृद्धि भई ३३अर्ब ८ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा३४.० प्रतिशतले नै वृद्धि भएको थियो । समीक्षा अवधिमा पुनरकर्जा ६४९.३ प्रतिशतले वृद्धि भई ६ अर्ब ४७ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा १६९.५ प्रतिशतले नै वृद्धि भएको थियो ।

समीक्षा अवधिमा प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाहित कर्जा २३.२ प्रतिशतले वृद्धि भई ८३ अर्ब ८१ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा ३९.० प्रतिशतले नै वृद्धि भएको थियो । समीक्षा अवधिमा ए.टि.एम. सख्या ६४६ पुगेको छ । गत वर्ष यसको संख्या ५०० रहेको थियो ।

## ४.३ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा १६.९ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४८ अर्ब ३७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १६.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ५९.५ प्रतिशत रहेको छ । २०७७ पुस मसान्त सम्ममा कुल सेवा कर्जा मध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी थोक तथा खुद्रा विक्रेता शीर्षकमा रु.१ खर्ब ४३ करोड र सबै भन्दा कम स्थानीय सरकार शीर्षकमा रु.४० करोड प्रवाह भएको छ ।

## ४.४ यातायात तथा संचार


**यातायात**

समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा ४.२ प्रतिशतले वृद्धि भई ६ लाख ५२ हजार १ सय ८६ पुगेको छ । यसमध्ये मोटरसाईकल संख्या ३.४ प्रतिशत तथा अन्य सवारी साधन संख्या ६.० प्रतिशतले वृद्धि भएको छ ।

## ४.५ फण्ड ट्रान्सफर

यस प्रदेशको मोरङ जिल्ला बाहेकका अन्य ८ जिल्लाहरुः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, धनकुटा र सुनसरी ) स्थित १२ वटा नोटकोषहरुमा नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयबाट समीक्षा अवधीमा रु ११ अर्ब रुपैया फण्ड ट्रान्सफर भएको छ भने गत बर्षको सोही अबधीमा यी नोटकोषहरुमा रु १५ अर्ब ८० करोड रुपैया फण्ड ट्रान्सफर भएको थियो ।

**रेखाचित्र ४.३ : समीक्ष अवधिमा विराटनगर कार्यलयबाट गरिएको फण्ड ट्रान्सफरको अवस्था**





स्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर

समीक्षा अवधीमा फण्ड ट्रान्सफर रकम ३०.३८ प्रतिशतले घटेको देखिन्छ । कोभिड १९ संक्रमणका कारण सरकारको खर्च बढ्न नसक्नु तथा विद्युतीय माध्यमबाट बढदै गएको भूक्तानीको कारण नगद प्रयोगमा आएको कमीले गर्दा फण्ड ट्रान्सफर रकम घट्न गएको हो ।

## ४.६ विदेशी विनिमय

अध्ययन क्षेत्रमा यस बैंकबाट ६४ वटा मनिचेञ्जर, ४ वटा होटल, १ वटा ट्रेकिङ्ग एजेन्सी तथा २ वटा अन्य गरी ७१ वटा एजेन्सीहरुले विदेशी मुद्रा सटहीको अनुमती प्राप्त गरेका छन् । समीक्षा अवधीमा नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयले रु. १६ करोड ५९ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरीद गरेको छ । यसमध्ये रु.९ करोड ९४ लाख बराबरको अमेरिकी डलर, रु.१ करोड ४ लाख बराबरको युरो र रु.५ करोड ६१ लाख बराबरको अन्य विदेशी मुद्रा रहेको छ । गत वर्षको तुलनामा समीक्षा अवधीमा यस कार्यालयले खरिद गरेको कुलपरिवर्त्य विदेशी मुद्रा २२.५ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा अमेरिकी डलर खरिद ६४.३ प्रतिशतले बढेको छ भने युरो खरिद ५९.५ प्रतिशतले र अन्य मुद्रा खरिद ५६.१ प्रतिशतले घटेको छ । गत वर्षको सोहि अवधीमा यस कार्यालयले रु.२१ करोड ४१ लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो । समीक्षा अवधीमा कोभिड-१९ को संक्रमणले विदशीपर्यटकको आवागमनमा प्रभाव तथा अन्य रोजगार गन्तव्य मुलुकहरुबाट फर्कने कामदारको संख्यामा आएको कमीका कारणविदेशी मुद्राको खरिद घटेको हो ।

**रेखाचित्र ४.४ : समीक्षा अवधिमा विदेशी विनिमय कारोवारको अवस्था**




स्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर

## ४.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

**चुनौती**

- कोभिड १९ का कारण अति प्रभावित पर्यटन तथा होटल लगायतका व्यवसायलाई पुर्ववतरुपमा पुनरुत्थान गर्नु ।
- बाह्य पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्व्याउनु ।
- सेवा क्षेत्र सम्बद्ध दक्ष जनशक्ति उत्पादन गर्न व्यावसायिक तथा औद्योगिक शिक्षाको विकास र विस्तार गर्नु ।
- सार्वजनिक निर्माण सम्बद्ध ठेकेदारको क्षमता अभिवृद्धि गर्ने तथा निर्माणको क्रममा रहेका आयोजनाहरुको गुणस्तर कायम गर्दै समुचित नतिजा हासिल गर्न प्रभावकारी अनुगमन र निरीक्षण गर्ने कार्य ।
- धितोमखिी बैकिङ्ग व्यावसायलाई परियोजना तथा नगदप्रवाहमखिी बनाउने ।
- सहुलियतपूर्ण कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु ।
- विशेषतः शहरी क्षेत्रमा केन्द्रित बैंक तथा वित्तीय संस्थाका शाखाहरु ग्रामीण र दुर्गम क्षेत्रमा बिस्तार गरी राज्यको प्राथमिकता प्राप्त क्षेत्रहरुमा स्वतः स्फुर्तरुपमा लगानी प्रोत्साहन गर्नु ।
- पहाडी एवम् हिमाली जिल्लाहरुमा दक्ष चिकित्सक तथा स्वास्थ्य सेवाको स्तरोन्नती/विस्तार गरी सर्वसाधारणमा सर्वसुलभरुपमा स्वास्थ सेवा उपलब्ध गराउनु ।
- बैंक तथा वित्तीय संस्थाहरुले यातायात र पर्यटन क्षेत्रमा प्रवाह गरेको कर्जाको असुलीमा कोभिड १९ का कारण देखिएको समस्याको समुचित सम्वोधन गर्नु ।

- पर्यटन पूर्वाधार विकासमा सार्वजनिक तथा निजी क्षेत्रले लिएको अग्रसरतालाई सहजीकरण गरी थप गति प्रदान गर्नु ।

**सम्भावना**

- नेपाल सरकारले लागू गरेको सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयनको माध्यमबाट स्वरोजगार तथा उद्यमशीलता विकास हुने तथा आन्तरिक उत्पादन वृद्धि हुने ।
- यस क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, भौगोलिक, साहसिक महत्वका स्थलहरुको समुचित प्रर्वद्धन, विकास तथा प्रचारप्रसार भएमा आन्तरिक तथा बाहय पर्यटकको आगमनमा वृद्धि भई अर्थतन्त्रको विस्तारमा योगदान पुग्ने ।
- पर्यटन पूर्वाधार विकासमा स्थानिय तहले उच्च प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरेकोले आगामी दिनमा पर्यटन क्षेत्र यस प्रदेशको अर्थतन्त्रको मुख्य Driving Factor को रुपमा विस्तार हुने देखिएको ।
- प्रदेश सरकारले विराटनगरमा अन्तर्राष्ट्रियस्तरको विमानस्थल निर्माण कार्य अगाडी बढाएको, मध्यपहाडी लोकमार्गको कालोपत्रे गर्ने कार्य तिव्ररुपमा भइरहेको तथा नयाँ नयाँ पर्यटकीय गन्तव्य पहिचान तथा विकासको क्रममा रहेका कारण आगामी दिनमा आन्तरिक तथा बाह्य पर्यटक आगमनमा वृद्धि हुने ।
- निर्माणाधीन सडक आयोजनाहरु सम्पन्न भए पश्चात सडक सञ्जालमा हुने विस्तारले समग्रमा यस प्रदेशको आर्थिक गतिबिधि चलायमान हुने ।
- सरकारले प्रत्येक स्थानिय निकायमा अस्पताल तथा स्वास्थ्य चौकीहरुको निर्माणकार्यलाई तिव्रता दिएको तथा प्रत्येक जिल्लामा निजी अस्पताल र क्लिनिकहरु खुल्ने क्रम बढेसँगै गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच विस्तार हुने ।
- यस प्रदेशमा रहेका पर्यटकीय गन्तब्यहरुमा सुविधा सम्पन्न होटल तथा लजहरु सञ्चालन गरी आर्थिक क्रियाकलापहरु बढाउन सकिने ।
- प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा बैंक तथा वित्तीय संस्थाको शाखा अनिवार्य हुनुपर्ने नीतिगत व्यवस्थाले वित्तीय पहुँच तथा वित्तीय साक्षरता विस्तारका साथै वित्तीय समावेसीता बढदै गएकोले अनौपचारिक अर्थतन्त्रको हिस्सा कम हुदैं जाने देखिएको ।

# परिच्छेद ५: पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

**४.१.१ पूर्वाधार :** समिक्षा अवधिमा यस प्रदेशमा राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग, हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्ग गरी २५१३.४ किलोमिटर सडक सञ्जालको निर्माण सम्पन्न भएको छ । गत वर्षको सोही अवधिमा २३९०.१ किलोमिटर सडक सञ्जालको निर्माण भएको थियो । जलविद्युत क्षेत्रमा विभिन्न विद्युत गृहहरुबाट ६०३ गिगावाट आवर विद्युत उत्पादन भएको छ भने ४४,४४३.९ कि.मी. विद्युत प्रशारण लाईनको निर्माण कार्य सम्पन्न भएको छ। आन्तरिक विमानस्थालको संख्या १४ रहेको छ।

### ५.१.२ अर्थतन्त्रमा प्रभाव पार्ने ठूला आयोजना :

- **पुष्पलाल मध्यपहाडी लोकमार्गको** कार्यआ.व.२०७९/८० भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । २०७७ पुस मसान्तसम्ममा यस लोकमार्गको भौतिक प्रगति ४९.३ प्रतिशत एवम् वित्तीय प्रगति ५६.७ प्रतिशत रहेको छ ।
- **हुलाकी राजमार्गअन्तर्गत** पर्ने रंगेली-विराटनगर सडकखण्ड अर्न्तगत सडक, कलभर्ट निर्माण तथा स्तरोन्नतिको कार्य भैरहेको छ । यस परियोजनाको कुल लागत रु.१४ अर्ब रहेको छ भने २०७७ पुस मसान्तसम्ममा भौतिक प्रगति ५८ प्रतिशत एवम् वित्तीय प्रगति ५१ प्रतिशत रहेको छ ।
- **उत्तर-दक्षिण(कोशी कारिडोर)** लोकमार्गको लम्बाई १६२ कि.मी. रहेको छ । रु.१६ अर्ब २० करोड लागत अनुमान गरिएको यस आयोजनाको निर्माण कार्य आ.व. २०६५/६६ वाट प्रारम्भ गरी आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । २०७७ पुस मसान्तसम्ममा उक्त आयोजनाको भौतिक तर्फको प्रगति ३५.९ प्रतिशत र वित्तीय प्रगति २८.० प्रतिशत रहेको छ ।
- **अरुण तेस्रो जलविधुत परियोजनाको** (९०० मेगावाट) २०७७ पुस मसान्तसम्ममा भौतिक प्रगति ४० प्रतिशत एवम् वित्तीय प्रगति २६.७ प्रतिशत रहेको छ ।
- **काबेली कोरीडोर ट्रान्समिसन** लाईन अन्तर्गत १३२ के.भी. प्रसारण लाइन आयोजनाको निर्माण सम्पन्न भएको छ । **कोशी कोरीडोरको २२०** के. भी. प्रसारण लाइन अन्तर्गत ३२६ वटा टावरमध्ये ३२२ वटा टावर निर्माण सम्पन्न भएका छन् ।
- **सोलु कोरीडोर** अन्तर्गत पर्नें १३२ के.भी. प्रसारण लाइन आयोजनाको निर्माण अन्तिम चरणमा रहेको छ । २०७७ पुस मसान्तसम्ममा यसको भौातिक प्रगति ९८.१ प्रतिशत एवम् वित्तीय प्रगति ८२ प्रतिशत र ३०२ वटा टावरमध्ये २९२ वटा टावर निर्माण सम्पन्न भएको छ। त्यस्तै, ९० कि.मी. ट्रान्समिसन लाइनमध्ये ७० कि.मी. लाईन निमार्ण सम्पन्न भएको छ।
- **कुशाहा विराटनगर कोरिडोर** १३२ के.भी. प्रसारण लाइनको सवस्टेशन निर्माण कार्य भइरहेको छ । यस प्रसारण लाइन अन्तरगत निर्माण हुने ७९ वटा टावर निर्माण स्थलको माटो परीक्षणको कार्य भइरहेको छ । २०७७ पुस मसान्तसम्ममा उक्त परियोजनाको भौतिक प्रगति २० प्रतिशत एवम् वित्तीय प्रगति २१ प्रतिशत रहेको छ ।

- **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजनाः** कुल लागत रु.१० अर्ब रहने अनुमान गरिएको यस आयोजनाको निर्माण प्रारम्भ आ.व.०६९/७० बाट भएको हो । २०७७ पुस मसान्तसम्ममा भौतिक एवम् वित्तीय प्रगति क्रमशः ६५ र ६० प्रतिशत रहेको यस आयोजना आ.व. २०७९/८० मा सम्पन गर्ने लक्ष्य रहेको छ ।
- **कोशी-तमोर कोरिडोर** सडकको अनुमानित लागत रु.५ अर्ब २७ करोड रहेको छ । २०७७ पुस मसान्तसम्ममा यसको भौतिक प्रगति ८५ प्रतिशत एवम् वित्तीय प्रगति ८३ प्रतिशत रहेको छ ।
- **दमकको** झापामा पर्ने **नेपाल-चीन मैत्री औद्योगिक पार्कको** वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य सम्पन्न भएको छ भने दोस्रो चरणको मुआब्जा वितरणको कार्य भइरहेको छ । मुआव्जा वितरण कार्य पश्चात उक्त आयोजनाले समेटेको क्षेत्रफल १६०० विगाह पुग्ने अनुमान गरिएको छ ।
- **जल यातायात :** (सप्तकोशी नदीमा चतरादेखि भोजपुरसम्म १७ कि.मी. मा २० देखी ३० मिनेट समय लाग्ने) हाल ४ वटा कम्पनीले सेवा प्रदान गरिरेहेका छन् ।
- **विराटनगर विमानस्थलको** विस्तार र स्तरोन्नत्तिको लागि हाल रहेको १२२ विघा जमिनमा थप १२६.४६ विघा जमिन अधीकरण गरी विमानस्थलको कुल क्षेत्रफल २४८.४६ विघा पुऱ्याउने लक्ष्य रहेको छ । यस अन्तर्गत धावन मार्गको विस्तार, नयाँ टर्मिनल भवन तथा अन्य भौतिक पूर्वाधारको निर्माण गर्ने योजना रहेको छ । आयोजनाले २०७७ चैत २३ र २४ गते सार्वजनिक सूचना प्रकाशित गरी जग्गा अधिकरणको कार्य अगाडि बढाएको छ ।

## ५.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरु**

- भौगोलिक जटिलताले गर्दा जल यातायात सञ्चालन गर्ने उपयुक्त स्थान छनौट गर्ने कार्य ।
- रेलवे, प्रशारणलाइन विस्तार, औधोगिक क्षेत्र निर्माण आदि कार्यको लागि जग्गा अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने राजनितीकरण ।
- सडक विस्तार, खानेपानी तथा ढलनिकास, संचार तथा विद्युत विस्तारको कार्यमा सरोकारवाला निकायबीच समन्वयको अभाव ।
- निर्माणका कार्य निर्धारित समयमा सम्पन्न गर्न सक्ने गरी निर्माण व्यवसायी एवम् ठेकदारको क्षमता अभिवृद्धि गर्नु ।
- निर्माण कार्यका लागि पर्याप्त प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गर्ने तथा आन्तरिक श्रमवजारबाट श्रमिकहरुको आपूर्ति सुनिश्चित गर्नु ।
- सडक पूर्वाधार निर्माणमा चुनौतीपूर्ण भोगोलिक अवस्था अनुकुलको सुरुङ्ग निर्माण, ट्रष्ट व्रिज निर्माण आदिको प्रविधि भित्र्याउने तथा विकास गन कार्य ।

- कोरोना भाइरस (कोभिड-१९) को दोश्रो लहरको न्यूनीकरणका लागि हुन सक्ने बन्दाबन्दी तथा निषेधाज्ञाका सम्भावनाका बीच पुर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिनु ।

**सम्भावनाहरु**

- तीन तहका सरकारको सडक सञ्जालको जिम्मेवारी तोकिएकोले सडक निर्माणले तिव्रता पाउने ।
- सरकारको दीर्घकालिन सोचमा सडक सञ्जालको विकास एवम् सुदृढीकरण उच्च प्राथमिकतामा रहनु ।
- सडक पूर्वाधार लगानीमा द्धिपक्षीय एवम्  बहुपक्षिय विकास साझेदारको प्रमुख चासो रहनु ।
- जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहनु ।
- निरन्तररुपमा जल प्रवाह हुने नदीहरु रहेको यस प्रदेशमा जल यातायातको प्रचुर सम्भावना रहेको ।

# परिच्छेद ६: आर्थिक परिदृष्य

## ६.१ कृषि क्षेत्रको उत्पादन परिदृष्य

समग्र कृषि बालीहरुले ढाकेको क्षेत्रफलमा वृद्धि भएको, कुल सिञ्चित क्षेत्रफलमा विस्तार भएको र कोरोना माहामारीका कारण वैदेशिक रोजगारबाट फर्केका नेपालीहरुको संख्या पनि बढोत्तरी भएकाले उक्त श्रमशक्ति कृषि क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भएकाले आगामी अवधिमा समग्र कृषि वालीहरुको उत्पादनवृद्धि हुनसक्ने सम्भावना देखिन्छ ।त्यस्तै, पर्याप्त जनशक्तीको उपलब्धता तथा सरकारी अनुदानको समेत व्यवस्थाका कारण पशुपालन तथा मत्स्य पालन व्यावसायमा वृद्धि हुने देखिन्छ । बन्दाबन्दी तथा लकडाउनको अवस्थाले गर्दा विगतमा तरकारी खेतीको उत्पादन, वितरण तथा बजारीकरणमा केही असहज भएतापनि आगामी दिनमा यसक्षेत्रको उत्पादन सामान्य वृद्धि हुने देखिन्छ ।

## ६.२ औद्योगिक क्षेत्रको परिदृष्य

विश्वव्यापी कोरोना माहामारीले गर्दा भएको बन्दाबन्दी तथा लकडाउनका अवधिभर कामदार तथा औद्योगिक कच्चा पदार्थको अभावका कारण उद्योगहरुपूर्णरुपमा सञ्चालन नभए पनि बन्दाबन्दी पश्चात कामदार तथा औद्योगिक कच्चा पदार्थको सहज आपूर्तीका कारण खाद्य तथा गैरखाद्य वस्तुहरुको उत्पादनवृद्धि भएकोले आगामी अवधिमा उद्योगहरु पूर्ण रुपमा सञ्चालन भई उत्पादन तथा उत्पादन क्षमातामा थप वृद्धि हुने देखिन्छ ।

## ६.३ सेवा क्षेत्रको परिदृष्य

विश्वव्यापी रुपमा फैलिएको कोरोना माहामारीले गर्दा भएको बन्दाबन्दी तथा लकडाउनले समीक्षा अवधिभर पर्यटन उद्योग पूर्ण प्रभावित भयो । पछिल्लो चरणमा आन्तरिक पर्यटकको भ्रमणमा वृद्धि भएता पनि विदेशी पर्यटकको आवगमन प्रभावित नै रहने देखिन्छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको तुलनामा कर्जा प्रवाहको वृद्धिदर कम रहेको भएता पनि आगामी अवधिमा कृषि तथा औद्योगिक उत्पादनको मागमा हुने वृद्धिका कारण लगानीमा वृद्धि हुने भएकाले कर्जा प्रवाहमा विस्तार हुने देखिन्छ ।

## ६.४ पूर्वाधार क्षेत्रको परिदृष्य

निर्माण कार्यमा आधुनिक मेशीनरी, उपकरण तथा नवीनतम प्रविधिको प्रयोगका कारण जलविद्युत उत्पादन तथा प्रसारण लाइनमा भएको वृद्धि, सडक सञ्जालको स्तरोन्नती र विस्तारका कारण आगामी अवधिमा पूर्वाधार क्षेत्रको वृद्धिमा विस्तार हुने देखिन्छ ।